## विद्युत प्रशिक्षक (अधिकृतस्तर तृतीय श्रेणी प्रा.) पदमा नियुक्ति हुनु भएका श्री आशिष खड्कालाई योग्यताक्रमको सूचीबाट नाम हटाई बैकल्पिक (प्रतिक्षा सुची) का उम्मेदवार रहनु भएका श्री मनोज ढकाल स्थायी नियुक्ति पत्र बुझ्न आउने बारेको अत्यन्त जरूरी सूचना !

सूचना प्रकाशित मिति २०८३।०३।१९ गते

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, पदपूर्ति समितिको मिति २०८१।०३।२८ गतेको गोरखापत्र दैनिकमा प्रकाशित सूचना अनुसार पदपूर्ति समितिको मिति २०८२।०४।१६ गतेको सिफारिस अनुसार विज्ञापन नम्बर ६७/०८०-०८१ (खुल्ला) प्राविधिक तथा प्रशिक्षण सेवा, इन्जिनियरिङ्ग समूह, इलेक्ट्रिकल उप समुह अधिकृत स्तर तृतिय श्रेणीको विद्युत प्रशिक्षक पदमा भेरी प्राविधिक शिक्षालय,नेपालगञ्ज बाँकेमा कार्यरत रहनु भएका श्री आशिष खड्काले मिति २०८३।०३।१७ गतेदेखि लागू हुने गरी परिषद् सेवाको विद्युत प्रशिक्षक पदबाट दिनु भएको राजिनामा परिषद् कार्यालयको २०८३।०३।१८ गतेको निर्णयानुसार निजको राजिनामा स्वीकृत भई निजले पत्र समेत बुझिसक्नु भएको हुँदा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कर्मचारी सेवा, शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०६९ (छैटौं संशोधन सहित) को बिनियम ३३(३) मा नियुक्तिको लागि सिफारिस भएको मितिले एक वर्षभित्र योग्यताक्रममा परेका उम्मेदवारले नियुक्ति लिएको पदबाट राजिनामा दिई वा निजको मृत्यु भई वा निजको अन्य पदमा नियुक्ति भई वा एक वर्षभित्र कुनै कारणले उक्त पद रिक्त हुन आएमा त्यस्तो उम्मेदवारको नाम योग्यताक्रबाट हटाई प्रतिक्षा सूचीमा रहेका उम्मेदवारहरु मध्ये योग्यताक्रमको आधारमा नियुक्ति दिइनेछ भन्ने व्यवस्था भएको हुँदा उक्त पदमा सिफारिस भएका उम्मेदवार श्री आशिष खड्काको नाम योग्यताक्रमको सूचीबाट हटाई उक्त पदमा बैकल्पिक (प्रतिक्षा सुची) उम्मेदवारहरुको योग्यता क्रम नं १ मा रहनु भएका शिवलालको नाति, टोक नारायणको छोरा पुतलीबजार-०१, स्याङ्गजा स्थायी ठेगाना भएका रोल नम्बर ६७४८ का उम्मेदवार श्री मनोज ढकाललाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र उक्त पदमा स्थायी नियुक्ति पत्र बुझ्न आउनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**

**प्रशासन महाशाखा, सानोठिमी, भक्तपुर ।**

**फोन नं ०१-६६३०४०८**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सानोठिमी, भक्तपुर